भेरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : १ २०८१ साउन, १ गते

## भाग-१

**भेरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, जाजरकोटको**
**सूचना**

## भेरी नगरपालिकाको आर्थिक ऐन, २०८१

**प्रस्तावना** : भेरी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भेरी नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि भेरी नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति कर** : (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र घरले चर्चेको जग्गाको एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। तर गुठी तथा सरकारी स्वामित्वयमा रहेको जग्गामा सम्पत्ति कर लगाइने छैन।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३. **भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र घरले चर्चेको जग्गा बाहेक बाँकी जग्गामा भूमीकर (मालपोत) लगाईने छ। जग्गाको उपयोगको आधारमा अनुसूची (२) बमोजिम गरिएको मुल्यांकन बमोजिम अनुसूची (१) मा उल्लेख भएको दर अनुसार भूमीकर (मालपोत) लाग्नेछ।

४. **घर जग्गा बहाल करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (३) मा उल्लेख भएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ।

(४) यस दफा बमोजिमको कर तोकिए बमोजिमको प्रक्रिया अनुसार हुनेछ।

५. **व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उप दफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची (५) मा तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिमको कर असुलि प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**ः (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीव जन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (६) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ।

**स्पष्टीकरण**ः यस दफाको प्रयोजनको लागि कारोबार भन्नाले विक्रेताले जारी गरेको बिल वा बिजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोबार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ।

७. **सवारी साधन कर**ः (१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ। तर टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सा तथा स्कुटरमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (७) बमोजिम हुनेछ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

८. **विज्ञापन कर**: (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

९. **मनोरञ्जन कर** : (१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शन स्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क**: (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (९) बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल बिटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

११. **पार्किङ्ग शुल्कः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (१०) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ। तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित नगरपालिकासँग समन्वय गरी लगाइनेछ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोबीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, “घ” वर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (११) मा उल्लेख भएबमोजिम हुनेछ ।

१३. **बिक्री शुल्क** : (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुमा व्यवसाय शुल्क बाहेक अन्य शुल्क लाग्ने

छैन। कुनै एकले खरिद गरी अर्को पक्षलाई बिक्री गर्नु परेमा व्यवसाय दर्ता गरेर मात्र बिक्री वितरण गर्न सकिने छ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने बिक्री तथा लगाउने व्यवसाय शुल्कको दर प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम बिक्री गर्न सक्नेछ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको व्यवसाय कर असूलीका लागि बिक्रीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढाबढ वा कार्यालयले सोझै गर्न सक्नेछ।

१४. **घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ।

१५. **दण्ड जरिवाना** :(१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ।

१६. **कर छुट** : (१) वार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक वर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

**स्पष्टीकरणः** लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा वाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१७. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** : (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपूर्ति दिनु पर्दछ ।

१८. **ठेक्का आह्वान गर्न सक्ने** : (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कबाडी र जीबजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म सार्वजनिक खरिद ऐन तथा नियमावलीलाई आधार मानी गरिनेछ ।

१९. **सहयोग गर्नुपर्ने** : संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२०. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** : नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ।

२१. **कार्यविधि बनाउन सक्ने** : (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ।

२२. **प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

## अनुसूची–१

(ऐनको दफा २ को उपदफा (२) संग सम्बन्धित)

**सम्पत्ति करको दर**

| १. सम्पत्ति करको दर | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सम्पत्तिको मुल्य रु. | | प्रस्तावित सम्पत्ति कर को दर | कैफियत |
| | देखि | सम्म | | |
| १ | एक रुपैयाँ | एक लाख | २५ | |
| २ | एक रुपैयाँ | दुई लाख | ४० | |
| ३ | एक रुपैयाँ | तीन लाख | ५० | |
| ४ | एक रुपैयाँ | चार लाख | ७५ | |
| ५ | एक रुपैयाँ | पाँच लाख | १०० | |
| ६ | एक रुपैयाँ | छ लाख | १२५ | |
| ७ | एक रुपैयाँ | सात लाख | १५० | |
| ८ | एक रुपैयाँ | आठ लाख | १७५ | |
| ९ | एक रुपैयाँ | नौ लाख | १९० | |
| १० | एक रुपैयाँ | दश लाख | २०० | |
| ११ | एक रुपैयाँ | बाह्र लाख | २५० | |
| १२ | एक रुपैयाँ | चौध लाख | ३०० | |
| १३ | एक रुपैयाँ | सोह्र लाख | ३५० | |
| १४ | एक रुपैयाँ | बीस लाख | ३८० | |
| १५ | एक रुपैयाँ | बाईस लाख | ४०० | |
| १६ | एक रुपैयाँ | चौबीस लाख | ५०० | |
| १७ | एक रुपैयाँ | छब्बिस लाख | ५५० | |
| १८ | एक रुपैयाँ | अट्ठाईस लाख | ६५० | |
| १९ | एक रुपैयाँ | तीस लाख | ८०० | |
| २० | एक रुपैयाँ | बत्तिस लाख | १००० | |

| | | | | |
|---|---|---|---|---|
| २१ | एक रुपैयाँ | चौतिस लाख | १२०० | |
| २२ | एक रुपैयाँ | छत्तिस लाख | १५०० | |
| २३ | एक रुपैयाँ | अट्तिस लाख | २००० | |
| २४ | एक रुपैयाँ | बयालिस लाख | २५०० | |
| २५ | एक रुपैयाँ | छयालिस लाख | ३००० | |
| २६ | एक रुपैयाँ | पचास लाख | ३५०० | |
| २७ | एक रुपैयाँ | साठ्ठि लाख | ४५०० | |
| २८ | एक रुपैयाँ | सत्तरी लाख | ६००० | |
| २९ | एक रुपैयाँ | असि लाख | ८००० | |
| ३० | एक रुपैयाँ | एक करोड | १०००० | |
| ३१ | एक रुपैयाँ | एक करोड बीस लाख | १२००० | |
| ३२ | एक रुपैयाँ | एक करोड साठ्ठी लाख | १६००० | |
| ३३ | एक रुपैयाँ | दुई करोड | २०००० | |
| ३४ | एक रुपैयाँ | दुई करोड बीस लाख | २५००० | |
| ३५ | एक रुपैयाँ | तीन करोड बीस लाख | ४०००० | |
| ३६ | एक रुपैयाँ | चार करोड | ५०००० | |
| ३७ | एक रुपैयाँ | पाँच करोड | ६०००० | |
| ३८ | एक रुपैयाँ | पाँच करोड एक रुपैयाँ भन्दा माथि | ०.२ प्रतिशत | |

## अनुसूची-२

### (ऐनको दफा ३ संग सम्बन्धित)

**क. जग्गाको मूल्याङ्कन दर प्रति रोपनी**

| क्षेत्र विभाजन | वडा नं. | जग्गा रहेको क्षेत्र | प्रति रोपनी मु.दर रु. |
|---|---|---|---|
| क१ | १ | कोल्चौर कुन्निक रिम्ना क्षेत्रका जग्गाहरु | १००००० |
| | | कालेगाउँ, राउतगाउँ, होलुजिउला पिपे, ज्यामिरे क्षेत्रका जग्गाहरु | २००००० |
| | | मैदै रिटापानी, डौरिकाँडा, साउनेपानी, धुयालनेटा, उब्ज्याले, हाक्नेमेला, वडालेख, गैरीखर्क क्षेत्रका जग्गाहरु | ४०००० |
| | | अन्य कृषि योग्य क्षेत्रहरु | २५००० |
| | २ | कोटखोला, त्रिवेणी, स्याउलि वजार क्षेत्रका जग्गाहरु | २००००० |
| | | पावरहाउस, देखि दारा गाउसम्म क्षेत्रका जग्गाहरु | १००००० |
| | | पोखरा डिंगा तिमिले, रिसाङ, राङसि, पुानोराङसि, बाहुन थाना क्षेत्रका जग्गाहरु | ५०००० |
| | | अन्य क्षेत्रका जग्गाहरु | २५००० |
| | ३ | होलुखोला क्षेत्रका जग्गाहरु | २००००० |
| | | स्याला, पानीनाउला, कल्यानपुर साउनेपानी क्षेत्रका जग्गाहरु | १००००० |
| | | अन्य क्षेत्रका जग्गाहरु | ५०००० |
| | ४ | फुलबारी, इउरी, धल्ला, बोहोरा, भुम्के, बुरेलि, पयाखर्क क्षेत्रका जग्गाहरु | १००००० |
| | | मटेला लगाएत खेत रहेको क्षेत्रका जग्गाहरु | २००००० |
| | | अन्य क्षेत्रका जग्गाहरु | ५०००० |
| | ५ | सिमखेत क्षेत्रका जग्गाहरु | १५०००० |
| | | मटेला क्षेत्रका जग्गाहरु | २००००० |
| | | इवर, छिप्रेना, काफलचौर, सालटाकुरा औल क्षेत्रका जग्गाहरु | ८०००० |
| | | अन्य क्षेत्रका जग्गाहरु | ४०००० |
| | ६ | राम्री बवियार, पौरेनी, डाँडाखेत , पाल्ते आरीडाव क्षेत्रका जग्गाहरु | १००००० |
| | | समलपाखा, भेरेखकर्, साउपाखा, माझगाउ, थापागाउ, बडाऔल, पुरानागाउँ क्षेत्रका जग्गाहरु | ८०००० |
| | | भावर, तिमिले, सर्दासैना, किटेनि, पैयाखर्क, धनारी गाउ, पेटारीडाँडा, पल्लो पाल्ते क्षेत्रका जग्गाहरु | ५०००० |
| | | अन्य क्षेत्रका जग्गाहरु | २५००० |

| | | | |
|---|---|---|---|
| | ७ | चौर, रुपाकोट, पाखेत, दारीना, बरकाटीया क्षेत्रका जग्गाहरु | १००००० |
| | | तल्लो दोकान, विउरेनी, डौरीखोला, खातीगाउ, पुन्मा क्षेत्रको जग्गा | ८०००० |
| | | अन्य कृषि योग्य क्षेत्र | ४०००० |
| | | सिमखेत क्षेत्रका जग्गाहरु | १५०००० |
| | ८ | चौर, स्याला क्षेत्रको जग्गा | १००००० |
| | | मदुश, माझगाउ, हारेटोल, राउटेरहे, टुनीसेरा सराल क्षेत्रको जग्गा | ८०००० |
| | | काँडागिमा गोलेचौर, काफलचौर क्षेत्रको जग्गा | ५०००० |
| | | अन्य क्षेत्रको जग्गा | २५००० |
| | ९ | झुप्रा, कालिमाटी, कुरिल्ला, सिम्लेना, वराल, सिम्खेत, काफ्लीगार, रजेना, कल्यान, गैराखेत, सेराखोलाका खेत | १००००० |
| | | बान्नी, सेरा, निगाने, घोरेनेटा, पोखरा | ७०००० |
| | | लामाकाटिया, खालीपाखा, कालाभुर, जार्ज, बाँसकाट काँडाबान्नी, पाल्लाज, नाउली क्षेत्रका जग्गाहरु | ४०००० |
| | | अन्य क्षेत्रका जग्गाहरु | २५००० |
| | | सिमखेत क्षेत्रका जग्गाहरु | १५०००० |
| | १० | आली, विराले, फेरा क्षेत्रका जग्गाहरु | १५०००० |
| | | बाल्लेतरा, डोप्के, भुरचौर, बाउनचौर रावतगाउँ क्षेत्रका जग्गाहरु | ८०००० |
| | | पर्सेनी, भुरगाउँ, नुवागाउँ, सेरीपाखा क्षेत्रका जग्गाहरु | ५०००० |
| | | अन्य क्षेत्रका जग्गाहरु | ३०००० |
| | ११ | मटेला, तिमिलेचौर, काँस्तरा क्षेत्रका जग्गाहरु | २००००० |
| | | सानिचौर, घट्टेखोला, विन्चौर, इवरगाड क्षेत्रका जग्गाहरु | १२०००० |
| | | कुप्रेकोट, खोदा, माथि बाहुनगाउँ, तलिबाहुनगाउँ, कार्कीगाउँ, महतारागाउँ, कटिगाउँ, माझगाउँ, खधरा क्षेत्रका जग्गाहरु | ८००००<br>३०००० |
| | | अन्य क्षेत्रका जग्गाहरु | १५०००० |
| | १२ | भारतीगाउँ, बेलगाड, धारापानी क्षेत्रका जग्गाहरु | ८०००० |
| | | चापाटा, भदाले, रुप्स्यापानी, नाउला, खोप, रावलगाउ, बर्सेना क्षेत्रका जग्गाहरु | |
| | | विष्णेचौर, धाइरा, माझगाउ, सालिविसाउ, भनारीगाउ क्षेत्रका जग्गाहरु | ५०००० |
| | | अन्य क्षेत्रका जग्गाहरु | ३०००० |

| | | | |
|---|---|---|---|
| | १३ | बटालागाउँ, रोकायगाउँ, हितानगाउँ, लाजे क्षेत्रका जग्गाहरु | १००००० |
| | | पुरानो बस्ती, कुस्तरा, आला, चौर क्षेत्रका जग्गाहरु | ८०००० |
| | | बराचउर, टाटा, भुवाल्न, ठाराडिल क्षेत्रका जग्गाहरु | ५०००० |
| | | अन्य क्षेत्रका जग्गाहरु | ३०००० |
| व्यापारिक क्षेत्र | १ | रिम्नाको भेरी त्रिवेणी मावि देखि माथिल्लो मोटरपुल सम्म सडकको ५० मिटर दायाँ बायाँ | १७००००० |
| | | रिम्नाको भेरी त्रिवेणी मावि देखि तल्लो भो.पु. सम्म सडकको ५० मिटर दायाँ बायाँ | १०००००० |
| | २ | बाहुनथाना बजारको मुल सडक ५० मिटर दायाँ बायाँ | ३००००० |
| | ३ | ठाटीको भेरी स्टेशनरी देखि न्यूरोड सिटिजन्स बैंक हुदै भेटेरेनरी डाँडा सम्मको क्षेत्रको जग्गा | २५००००० |
| | | जाजरकोट डोल्पा सडक अन्तर्गत स्याला र कालेगाउ सडकको ५० मिटर दायाँ बायाँ | ३००००० |
| | ४ | बागलुङ्ग होटल देखि सिमलगैरी हुदै ठाँटीको भेरी स्टेशनरी सम्मको जग्गा | २०००००० |
| | | बाग्लुङ होटल देखि दिप ब. सिंहको घर सम्म सडकको ५० मिटर दायाँ बायाँको क्षेत्र | २५००००० |
| | | दिप ब. सिंहको घर, गैरीखाली जनक पुस्तकालयसम्म सडकको ५० मिटर दायाँ बायाँ | ३०००००० |
| | | शान्ति चौतारा बजारको ५० मिटर दायाँ बायाँको क्षेत्र | ५०००००० |
| | | शान्तीचौतारा रिम्ना सडक अन्तर्गत नगेन्द्र शाहको घरदेखि दिनेश श्रेष्ठको घर हुदै सिटिजन्स बैंककसम्म सडक दायाँबायाँ | २५००००० |
| | | जाजरकोट जुम्ला सडक अन्तर्गत ट्राफिकचोक, कारागार हुँदै प्रहरी का. सम्म सडकको ५० मिटर दायाँ बायाँको क्षेत्र | २०००००० |
| | | गैरीखाली देखि रानागाउँ पानी ट्यांकी सम्म मुल बाटोको ३० मिटर दायाँ बायाँ क्षेत्र | १५००००० |
| | ९ | कालाभुर वडा कार्यालय वरपर तथा भुर पोखरा बजारको २५ मि. दायाँ बायाँको क्षेत्र | २००००० |
| | १० | भुरचौर बजारको ५० मिटर दायाँ बायाँ क्षेत्रका जग्गाहरु | ५००००० |

| | | | |
|---|---|---|---|
| | १३ | हितानका खोलादेखि गैराखोला सम्म सडकको ५० मिटर दायाँ बायाँको क्षेत्र | १२००००० |
| आवासिय क्षेत्र | १ | जाजरकोट डोल्पा सडकको वडा नं. १ अन्तरगत सडकको ५० मिटर दायाँ बायाँको क्षेत्र | ५००००० |
| | | कोलचौर, मेदे, डौरीकाडा, घुयाल्नेटा सडकको ३० मिटर दायाँ बायाँको क्षेत्र | १२५००० |
| | २ | खलंगा पाचकाटिया सडक कोटखोला देखि अयारजरा सम्म सडकको ५० मिटर दायाँ बायाँको क्षेत्र | १५०००० |
| | | कोटखोला देखि पावरहाउस सम्मको सडकको ५० मिटर दायाँ बायाँको क्षेत्र | १५०००० |
| | | पोखरा भेरेखर्क सडक अन्तरगत पोखरा ओखेना सडकको ३० मिटर दायाँ बायाँ क्षेत्र | ८०००० |
| | ३ | पिपलडाँडा देखि जनक पुस्तकालय सम्मको क्षेत्र | १०००००० |
| | | जाजरकोट एफएम देखि कोइराली सम्मको क्षेत्र | ३००००० |
| | | ठाँटी पिपलचौतारा देखि कोइराली हुदै गैरीखाली जोड्ने क्षेत्र | ३००००० |
| | | माथिल्लो थाप्ले क्षेत्र | ७००००० |
| | | तल्लो थाप्ले क्षेत्र | ७००००० |
| | | स्याला काब्राको रुख देखि कल्यानपुर सम्म सडकको ५० मिटर दायाँ बायाँको क्षेत्र | २००००० |
| | ४ | शसी बुढाको घरदेखि राधाकृष्ण, राम मन्दिर क्षेत्रका जग्गाहरु | १०००००० |
| आवासिय क्षेत्र | ४ | काजिवारा, वाउनवारा, सिर्जना टोल र सालघारी क्षेत्रका मुलसडक देखि ५० मिटर वाहिरको जग्गाहरु | १०००००० |
| | | छिन्चु जाजरकोट सडकको ० प्वाईन्ट देखि समिको रुख हुँदै खारेखोला सम्म ५० मि दायाँवायाँ | ७००००० |
| | | जाजरकोट डोल्पा सडकको ० प्वाईन्ट देखि मुलपानी हुदै फुलवारी सम्म सडकको ५० मि दायाँबायाँ क्षेत्रका जग्गाहरु | ४००००० |
| | | छिन्चु जाजरकोट सडक अर्न्तगत वोहोरागाउको ठुटे पिपल देखि मुलपानी डोल्पा सडक ५०मिटर दायाँवायाँ | ३००००० |

| | | | |
|---|---|---|---|
| | | वोहोरा काफलचौर सडक अन्तर्गत वोहोरा जिरोप्वाईन्ट देखि पासागाड सम्म ५० मि दायाँवायाँ | २००००० |
| | | गैरीखाली देखि कोटखोला क्षेत्रका जग्गाहरु | १०००००० |
| | ५ | बाघखोर, छिप्रेन, काफलचौर, हुदै गंगटिया सम्म सडकको ३० मि दायाँ वायाँका जग्गाहरु | १५०००० |
| | | छिन्चु जाजरकोट सडक अन्तर्गत वडा नं. ६ मा पर्ने सडकको ५० मिटर दायाँ वायाँका जग्गाहरु | ५००००० |
| | | बुरुंगे खोला देखि काफलचौर सडकको २० मि. दायाँबायाँका जग्गाहरु | १५०००० |
| | ६ | काफलचौर भेरखर्क मछाईना सडकको ३० मिटर दायाँवायाँ क्षेत्रका जग्गाहरु | १५०००० |
| | ७ | काफलचौर गंगटिया मेलटाकुरी सडकको ३० मिटर दायाँवायाँ क्षेत्रका जग्गाहरु | १००००० |
| | | मेलटाकुरी रुपाकोट सडक अर्न्तगत काँडा दोकाना देखि धाराखोला सम्म सडकको ३० मि दायाँवायाँ क्षेत्रका जग्गाहरु | १००००० |
| | | स्याउली भेरेखर्क सडक अर्न्तगत स्याउली देखि दह वजार सम्म सडकका दायाँवायाँका जग्गाहरु | १५०००० |
| | ८ | मध्यपहाडी लोकमार्ग अर्न्तगत साँदेखोला देखि भुप्राखोला सम्म सडकको ५० मि दायाँवायाँ क्षेत्रका जग्गाहरु | १५०००० |
| | | मध्यपहाडी लोकमार्ग देखि काफलचौर जोड्ने सडकको ३० मि दायाँवायाँ क्षेत्रका जग्गाहरु | १००००० |
| | | भुरचौर स्याउली सडक अर्न्तगत मध्यपहाडी देखि स्याउली वजार सम्म सडकको दायाँवायाँ क्षेत्रका जग्गाहरु | १००००० |
| | | मध्यपहाडी देखि नुवागाउँ जोड्ने सडकको २० मिटर दायाँबायाँका जग्गाहरु | १००००० |
| | ९ | मध्यपहाडी सडक अर्न्तगत भुप्रा खोला देखि पोखरा छेडागाड नपाको सिमाना सम्म ५० मिटर दायाँवायाँका जग्गाहरु | १५०००० |
| | | ब्रमाखम्ब पौरी पोखरा सडकको ३० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | ८०००० |

| | | | |
|---|---|---|---|
| | | भुरचौर स्याउली सडक अर्न्तगत ९ नं. वडामा पर्ने सडकको २० मि. दायाँबायाँका जग्गाहरु | १००००० |
| | १० | छिन्चु जाजरकोट सडक खण्ड अर्न्तगत सिम्ली खोला देखि फेरा खोला सम्म सडकको ५० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | ४००००० |
| | | भुरचौर स्याउली सडकको वडा नं. १० मा पर्ने सडकको ३० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | १५०००० |
| | | मध्यपहाडी सडक अर्न्तगत दुर्गा प्रा.वि. देखि पोखरा सम्म सडकको ५० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | २००००० |
| | ११ | मध्यपहाडी लोकमार्ग अर्न्तगत शिवशंकर मा.वि. देखि साँदेखोला सम्म सडकको ५० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | २००००० |
| | | जुम्ला सडक अर्न्तगत पिपलबोट देखि व्याउली वरालासम्म सडकको ५० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | १५०००० |
| | | फेरा देखि वडा कार्यालय जोड्ने सडकको ३० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | १००००० |
| | | छिन्चु जाजरकोट सडक अर्न्तगत चर्तुमाला मन्दिर देखि हुक्काले सम्म सडकको ५० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | १०००००० |
| | | छिन्चु जाजरकोट सडक अर्न्तगत खडक बहादुर रोकायको जग्गादेखि राजिखोला सडकको ५० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | ५००००० |
| | | छिन्चु जाजरकोट सडक अर्न्तगत फेराखोला देखि खोदा खोला सम्म सडकको ५० मि दायाँवायाँ क्षेत्रका जग्गाहरु | ५००००० |
| | | देवल वाघखोर सडक अर्न्तगत देवल देखि चाउका सम्म सडकको ३० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | १००००० |
| | | मटेला झोलुङ्गे पुल देखि कृष्ण प्रसाद आचार्यको घर हुँदै इवरगार जोड्ने सडकको ३० मि. दायाँवायाँ क्षेत्र | १५०००० |
| | १२ | छिन्चु जाजरकोट सडक अर्न्तगत वडा नं. १२ को क्षेत्रमा पर्ने सडकको ५० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | ५००००० |
| | | मध्यपहाडी लोकमार्ग अर्न्तगत सालिविसाउ देखि शिव शंकर मा. वि. सम्म सडकको दायाँवायाँ क्षेत्रका जग्गाहरु | १५०००० |

| | | | |
|---|---|---|---|
| | | थापाचौर काँस्तरा बेलगार सडकको ३० मि. दायाँवायाँ क्षेत्रका जग्गाहरु | १००००० |
| | १३ | छिन्चु जाजरकोट सडक खण्ड देखि विद्युत सव स्टेसन हुदै वर पिपल सम्म सडकको ५० मिटर दायाँवायाँ क्षेत्रका जग्गाहरु | ३००००० |
| | | गैराखोला देखि बराचौर, लाजे सम्म सडकको ५० मिटर दायाँबायाँ क्षेत्रका जग्गाहरु | ७००००० |

**ख. भौतिक संरचनाहरुको मूल्याङ्कन दर :**

| संरचना रहेको क्षेत्र | संरचना निर्माणको प्रकार | प्रति वर्ग फिट दर | कैफियत |
|---|---|---|---|
| आवसिय क्षेत्र | पक्का जोडाईमा ढलान तथा आर.सि.सि. | १२०० | |
| | माटोको जोडाइमा ढलान | ६५० | |
| | पक्का जोडाइमा जस्ता तथा टायलको छाना | ५५० | |
| | माटोको जोडाइमा जस्ता तथा टायल | ४५० | |
| | सेड, घुम्ती, टहरा | १५० | |
| | कच्ची घर | २०००० | |
| व्यापारिक क्षेत्र | पर्खाल इट्टा वा ढुंगा | २५० | |
| | माटोको जोडाइमा जस्ता वा टायल | ५५० | |
| | पक्का जोडाइमा ढलान | १५०० | |
| | माटोको जोडाइमा ढलान | ७५० | |
| | पक्का जोडाइमा जस्ता वा टायल | ६५० | |
| | सेड, घुम्ती, टहरा | २०० | |
| संस्थागत क्षेत्र | पक्का जोडाईमा ढलान तथा आर.सि.सि. | १३०० | |
| | माटोको जोडाइमा ढलान | ७०० | |
| | पक्का जोडाइमा जस्ता तथा टायलको छाना | ६०० | |
| | माटोको जोडाइमा जस्ता तथा टायल | ५०० | |
| | सेड, घुम्ती, टहरा | १५० | |

## अनुसूची–३

(ऐनको दफा ४ को उपदफा (२) संग सम्बन्धित)

**घर जग्गा बहाल करको दर**

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कार खाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा वार्षिक १० प्रतिशतका दरले बहाल कर लिइने छ ।

## अनुसूची–४

(ऐनको दफा ५ को उपदफा (३) संग सम्बन्धित)

**व्यवसाय इजाजत (दर्ता नविकरण) दस्तुरको दर**

| क्र.सं. | व्यवसायको किसिम | दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | ऐनमा उल्लेख नभएका नयाँ व्यवसाय दर्ता | | |
| | १० लाख मुनि पूँजी भएका | ४००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ७००० | |
| | २० लाख देखि १ करोड सम्म पूँजी भएका | १०००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | १५००० | |
| २. | व्यवसाय नवीकरण | ५०० | |
| ३. | व्यवसाय नवीकरण थप दस्तुर सहित | ७०० | |

## अनुसूची-५

(ऐनको दफा ५ को उपदफा (५) संग सम्बन्धित)

### व्यवसाय करको दर

**२.१. व्यवसाय इजाजत (दर्ता नविकरण) दस्तुरको दर**

| क्र.सं. | व्यवसायको किसिम | प्रस्तावित दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|
| | **ऐनमा उल्लेख नभएका नयाँ व्यवसाय दर्ता** | | |
| १ | १० लाख मुनि पूँजी भएका | ४००० | |
| | १० लाख देखि २० लाख सम्म पूँजी भएका | ७००० | |
| | २० लाख देखि ५० हजार सम्म पूँजी भएका | १०००० | |
| | ५० हजार देखि १ करोड सम्म पुँजी भएका | १५००० | |
| | १ करोड भन्दा बढी पूँजी भएका | २०००० | |
| २ | व्यवसाय नवीकरण | ५००० | |
| ३ | व्यवसाय नवीकरण थप दस्तुर | ७०० | |

**२.२. व्यवसाय करको दर**

| क्र.सं. | व्यवसायको किसिम | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खुद्रा साना पसल (घुम्ती) | ५०० | |
| २ | मिठाई पसल | ५०० | |
| ३ | तरकारी तथा फलफुल | ५०० | |
| ४ | तरकारी मण्डी | ३००० | |
